धुनिवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.०८२/०८३
च.नं.

मिति:- २०८२/१२/०२

# सुचना ! सुचना ! सुचना !!!

## ३९० कार्यघण्टाको व्यवसायिक तथा सीप विकास तालिममा सहभागीको लागि निवेदन पेश गर्ने सम्बन्धी सुचना !

यस धुनिवेशी नगरपालिका अन्तर्गत रोजगार सेवा केन्द्रले आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम ( आन्तरिक रोजगारी सिर्जना / प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन) बमोजिम माग भई आएको ३९० कार्य घण्टाको व्यवसायिक तथा सीप विकास तालिम नि:शुल्क सञ्चालन गर्न गइरहेकोले आफुले सिक्न चाहेको ३९० घण्टाको सीप / तालिमको विवरणका लागि संलग्न निवेदनको ढाँचामा आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । साथै सुचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२/१२/०८) भित्र रोजगार सेवा केन्द्र, वडा कार्यालय वा रोजगार सेवा केन्द्रको इमेल pmepdhunapa@gmail.com मा आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**<u>संलग्न गर्नुपर्ने कागजात</u>**

१. सम्बन्धित व्यक्तिको निवेदन

२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. वैदेशिक रोजगारीमा संलग्न भएको भन्ने कुनै प्रमाण / कागजपत्र

४. आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य नहुने)

५. तिव्र इच्छा भएका बेरोजगार व्यक्तिहरुले पनि निवेदन पेश गर्न सक्नेछन् ।

नोट : बेरोजगार सुचीमा सुचिकृत बेरोजगार व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ, साथै अन्य बेरोजगार व्यक्ति, रोजगारीको खोजीमा रहेको, बैदेशिक रोजगारीबाट फर्केका वा जान चाहने व्यक्ति वा राज्यले विशेष सहुलियत उपलब्ध गराउनुपर्ने व्यक्तिहरुले समेत आवेदन दिन सक्नेछन् । इमेल मार्फत पेश भएको निवेदनको हकमा ९८४९६३९४१४ (रोजगार संयोजक) फोन मार्फत जानकारी गराउनुपर्नेछ ।

प्रमिला पाठक
रोजगार संयोजक



CamScanner

# निवेदनको ढाँचा

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

धुनिवेशी नगरपालिका, जुगेडी धादिङ ।

विषय: ३९० घण्टाको सीप / तालिममा सहभागी हुन पाउँ ।

प्रस्तुत विषयमा म धुनिवेशी नगरपालिकाको रोजगार सेवा केन्द्रबाट सञ्चालन हुन गईरहेको ३९० घण्टाको नि: शुल्क सीप / तालिममा सहभागी हुन इच्छुक रहेकोले तहाँ कार्यालयबाट प्रदान गरिने व्यवसायिक तथा सीप विकास तालिम कार्यक्रममा सहभागी हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. निवेदकको:-

(क) नाम थर:

(ख) स्थायी ठेगाना:

(ग) नागरिकता नं:

(घ) वैदेशिक रोजगारीमा गई नेपाल फर्कीएको मिति:

(ङ) वैदेशिक रोजगारीमा जान चाहेको देश :

(च) हासिल गरेको शैक्षिक योग्यता:

(छ) सहभागी हुन इच्छुक सीप / तालिम कार्यक्रम:

(ज) सूचीकृत बेरोजगार हो/होइन :

२. बाबु/आमाको नाम:

३. पति/पत्नीको नाम:

४. संलग्न कागजातहरु:

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी- १ प्रती

(ख) हासिल गरेको शैक्षिक योग्यता: - १ प्रती

(ग) वैदेशिक रोजगारीमा संलग्न भएको भन्ने कुनै प्रमाण/कागजपत्र:

माथी पेश गरेको विवरण ठिक साँचो छ। फरक पर्न गएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

हस्ताक्षर:

नाम थर:

CamScanner